# बाल विवाह अन्त्यसम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था र सरोकारवालाको भूमिका

# जानकारी पत्र



# बाल विवाह अन्त्यसम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था र सरोकारवालाको भूमिका

# जानकारी पत्र

*यो जानकारी पत्र न्याय तथा अधिकार संस्था- नेपाल (जुरी -नेपाल) को तर्फबाट अधिवक्ताद्वय विष्णु प्रसाद पोखेल र बाल माया विश्वकर्माले तयार गर्नु भएको हो । यसमा महत्वपूर्ण सुझाव दिनु हुने सम्वन्धित सबै स्थानीय सरकारका प्रतिनिधि तथा आई.एम.नेपाल र यसका साझेदार सस्थाका प्रतिनिधिहरूलाई विशेष धन्यवाद ।*

***थप जानकारी तथा सुझावका लागि***

**न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल)**

ज्वागल, ललितपुर

फोन नं ०१ ५५३८९०९/५५३८९१०

इमेल : jurinepal@gamil.com

वेभसाइट : www.jurinepal.org.np

# विषयुसूची


१. विवाहसम्बन्धी विद्यमान कानूनी व्यवस्था १

२. बाल विवाहसम्बन्धी विद्यमान कानूनी व्यवस्था १

३. बाल विवाहको विद्यमान अवस्था २

४. बाल विवाह हुनुका मुख्य कारणहरू २

५. बाल विवाह अन्त्यको लक्ष्य, रणनीति एवं संवैधानिक तथा कानूनी व्यवस्थाहरू ३

६. बाल विवाह अन्त्यसम्बन्धी कानून कार्यान्वयनका चुनौतीहरू ६

७. बाल विवाह अन्त्यको लागि सरोकारवाला निकाय तथा पक्षहरूको भूमिका ६

८. बाल विवाह भएमा कति दिनभित्र उजुरी गर्नुपर्छ १२

## १. विवाहसम्बन्धी विद्यमान कानूनी व्यवस्था

मुलुकी देवानी संहिताको दफा ६७ बमोजिम कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एकअर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिन्छ। त्यसैगरी सोही ऐनको दफा ७० बमोजिम पुरुष र महिलाले एकअर्कालाई पति पत्नीको रूपमा स्विकार गर्न मञ्जुर गरेमा, कानूनबमोजिम पुरुष र महिला हाडनाता करणीमा सजाय हुने नाताको नभएमा, पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेमा र दुवैको उमेर २० वर्ष पूरा भएमा पुरुष र महिलाबीच विवाह हुन सक्ने व्यवस्था छ। विवाहको लागि महिला र पुरुष हुनुपर्ने र त्यस्तो विवाह कायम गराउन दुवको उमेर २० वर्ष पूरा भई विवाह हुन सक्ने अवस्था विद्यमान भएको अवस्थामा औपचारिक वा अनौपचारिक तवरबाट पनि विवाह हुन सक्ने देखिन्छ।

## २. बाल विवाहसम्बन्धी विद्यमान कानूनी व्यवस्था

मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ को देहाय (१) मा विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था छ। साथै उक्त दफा १७३ को देहाय (२) मा त्यसरी उमेर नपुगी भएको विवाह स्वतः बदर हुने व्यवस्था छ। त्यसैले नेपालको विद्यमान कानूनले विवाहको लागि २० वर्ष उमेर कायम गरेको छ।

उपरोक्त कानूनी प्रावधानलाई हेर्दा बाल विवाहले कानूनी मान्यता नपाउनुका साथै उक्त कार्य फौजदारी अपराधभित्र पर्दछ र यस प्रकारका मुद्दा सरकारवादी भई चल्नुका साथै यस विषयमा जो सुकै व्यक्तिले उजुरी गर्न सक्ने र कारबाहीको दायरामा ल्याउन सक्ने देखिन्छ। त्यसैगरी त्यस्तो उमेर नपुगी विवाह गर्नाले कानूनी रूपमा श्रीमान् श्रीमती वा पति पत्नीको मान्यता नपाउनुका साथै त्यस्तो श्रीमतीले श्रीमान्बाट सम्पत्तिलगायत अन्य कानूनी अधिकार प्राप्त गर्न र त्यस्ता उमेर नपुगेका बालबालिकाबाट जन्मेका सन्ततिले समेत कानूनप्रदत्त हकको उपभोगमा समेत विभिन्न चुनौतीहरू भोग्नुपर्ने हुन्छ। त्यसैले बाल विवाह गर्नु भनेको अपराध गर्नुका साथै चुनौती र समस्यालाई निम्त्याउनु पनि हो। त्यसैले बाल विवाह नगरौं र गर्नबाट रोकौं।

## ३. बाल विवाहको विद्यमान अवस्था

बाल अधिकारको क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय संस्था युनिसेफले गरेको एक अध्ययनले विश्वभरि कुल ७६ करोड ५० लाख बालबालिकाको बाल विवाह भएको देखाएको छ। बाल विवाह हुनेहरूमा धेरैजसो बालिकाहरू छन्। २० देखि २४ वर्षका पाँच महिलाहरूमध्ये एकको १८ वर्ष उमेर पुग्नुअघि विवाह भएको देखिन्छ। बालकहरूको बाल विवाह धेरै हुने मुलुकहरूमध्ये मध्यअफ्रिकी गणतन्त्रमा सबैभन्दा धेरै बालकहरूको (२८ प्रतिशत), निकारागुवा (१९ प्रतिशत) र मदगास्कर (१३ प्रतिशत) बालकहरूको बाल विवाह धेरै हुने मुलुकहरूमा पर्दछन् भने नेपाल दसौं स्थानमा पर्दछ र नेपाल एक मात्र दक्षिण एसियाली मुलुक हो जहाँ बालक र बालिकाको उत्तिकै दरले बाल विवाह भएको देखिन्छ। सो अध्ययनका अनुसार नेपालका २० देखि २४ वर्षका १० पुरुषहरूमध्ये एकको बाल्यावस्थामै विवाह भएको देखाइएको छ। त्यसैगरी ह्युमन राइट्स वाचको प्रतिवेदन, २०१६ ('हाम्रो नाच्ने र गाउने बेलाः नेपालमा बाल विवाह' शीर्षक) ले नेपालमा झन्डै ३७ प्रतिशत किशोरीहरूको १८ वर्ष नपुग्दै विवाह भएको उल्लेख गरेको छ। राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्यांक विभागका अनुसार, दाङ जिल्लामा ५६.१४ प्रतिशतको विवाह १५ देखि १९ वर्षको उमेरमा हुने गरेको, ९.९८ प्रतिशत विवाह १० देखि १४ वर्षभित्रमा हुने गरेको, र ०.४२ प्रतिशत विवाह १० वर्षभन्दा कम उमेरमा हुने गरेका पाइएको छ। त्यसैगरी कपिलवस्तु जिल्लामा ६२ प्रतिशत बालिकाहरूको विवाह १० देखि १९ वर्षभित्रको उमेरमा विवाह हुने गरेको उक्त प्रतिवेदनमा जनाइएको छ। साथै बाल विवाहमा बालिकाको संख्या बालकको तुलनामा बढी देखिन्छ।

## ४. बाल विवाह हुनुका मुख्य कारणहरू

बाल विवाह विभिन्न कारणले हुने गरेको पाइन्छ। अभिभावकहरूले घरमा काम गर्ने मान्छेको संख्या बढाउन छोराको सानै उमेरमा विवाह गर्ने गरेको पाइन्छ। कम उमेरमा विवाह गर्दा पुण्य प्राप्त हुन्छ भन्ने परम्परागत विश्वास र मान्यता पनि यथावत् नै छ, छोरीको उमेर बढ्दै जाँदा दाइजो रकम बढ्दै जान्छ भन्ने सोच र दाइजोको कारण पनि मुख्य कारण रहेको पाइएको छ। गरिबीको कारण छोरीलाई पाल्न तथा शिक्षामा गर्ने लगानीलाई बोझको रूपमा लिएकाले र छोराछोरीका बीचमा हुने विभेदका कारणले छोरीको बाल विवाह

हुने मुख्य कारण भएको देखिन्छ। अभिभावकमा शिक्षा तथा चेतनाको कमी, यौन तथा प्रजनन स्वास्थ्यको बारेमा जानकारी नहुँदा पनि बाल विवाह हुने गरेको पाइएको छ। किशोरकिशोरीहरूलाई प्रजनन स्वास्थ्यका बारेमा पर्याप्त मात्रामा जानकारी नहुनु र बाल विवाहका बारेमा भविष्यमा हुने नकारात्मक असरहरूको बारेमा स्पष्ट जानकारी नभएका कारण पनि बालबालिका स्वयम्को निर्णय अर्थात प्रेम सम्बन्धका कारण पनि बाल विवाहहरू हुने गरेका छन्। विवाहसम्बन्धी कानूनका बारेमा जानकारी नहुनुका साथै कानूनको प्रभावकारी कार्यान्वयन नहुनु पनि बाल विवाह हुनुको मुख्य कारणहरू हुन्।

## ५. बाल विवाह अन्त्यको लक्ष्य, रणनीति एवं संवैधानिक तथा कानूनी व्यवस्थाहरू

बाल विवाह अन्त्यका लागि नेपालले तय गरेका लक्ष्य, रणनीति तथा संवैधानिक तथा कानूनी प्रबन्धहरू निम्नबमोजिम रहेका छन् :

### ५.१. दिगो विकासको लक्ष्य

दिगो विकासको लक्ष्य (२०१६-२०३०) अन्तर्गत लक्ष्य (५) को सूचक (५.३) मा बाल विवाह, कलिलो उमेरमा गरिने विवाह, जबर्जस्ती विवाह तथा अन्य घातक प्रचलनहरूको उन्मूलन गर्ने विषय समावेश गरिएको छ।

### ५.२. बाल विवाह अन्त्यसम्बन्धी सरकारको रणनीति

नेपाल सरकारले बाल विवाह अन्त्यका लागि बाल विवाह अन्त्यसम्बन्धी राष्ट्रिय रणनीति, २०७२ तर्जुमा गर्नुका साथै सोहीबमोजिमको लक्ष्य पूरा गर्नका लागि प्रदेशगत रणनीतिहरू पनि तय गरेको छ। यसका साथै विभिन्न स्थानीय सरकारले पनि बाल विवाह अन्त्यको रणनीतिलाई महत्वपूर्ण पक्षको रूपमा अघि बढाएका छन्। यसअन्तर्गतका रणनीतिका केही महत्वपूर्ण व्यवस्थाहरू निम्नबमोजिम रहेका छन् :

क) **बाल विवाहविरुद्धको राष्ट्रिय रणनीति, २०७२** : यस रणनीतिले सन् २०३० सम्म नेपालमा बाल विवाह अन्त्य गर्ने लक्ष्य लिएको

छ। यस रणनीतिमा बाल विवाह रोक्न विकासका साझेदार निकायहरू र सरकारको सहकार्यमा समुदायस्तरमा बृहत् रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने विषय उल्लेख छ। यस लक्ष्य पूरा गर्न विभिन्न रणनीति तथा उद्देश्य तय गरेको देखिन्छ। जसअन्तर्गत विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन, सामाजिक संघसंस्था र सामुदायिक संघसंस्थासँगको सहकार्य, बालबालिकाको सशक्तीकरण, बालबालिकालाई आत्मनिर्भर बनाउने र विशेषगरी विद्यालय बाहिर रहेका बालबालिका र उनीहरूलाई आत्मनिर्भर बनाउन पहल गर्नेलगायतका उद्देश्यहरू तय गरिएको छ। त्यसैगरी बालबालिकालाई प्रोत्साहन गर्ने खालका सोच तथा व्यवहारमा परिवर्तनका लागि बालबालिका, किशोरकिशोरी, अभिभावक, शिक्षक, राजनैतिक तथा सामाजिक अगुवा, संघसंस्था आदिको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने तथा बाल विवाहमुक्त स्थानीय तह घोषणा गर्ने लगायतका उद्देश्यहरू रहेका छन्।

**ख)** **बाल विवाह अन्त्यका लागि लुम्बिनी प्रदेशको रणनीति** : बाल विवाह अन्त्यका लागि लुम्बिनी प्रदेशको रणनीति (आ.व. २०७८/७९ -२०८८/८९) प्रदेश सरकार शिक्षा तथा सामाजिक विकास मन्त्रालयले लागू गरेको छ। लुम्बिनी जिल्लाका १२ वटा जिल्लामा बाल विवाह अन्त्यका लागि सन् २०३० सम्ममा सबै नगरपालिका र गाउँपालिकामा बाल विवाह अन्त्यका लागि विभिन्न १० वटा उद्देश्य तय गर्नुका साथै विभिन्न १४ वटा रणनीति तथा कार्यनीति र सो कार्यान्वयनका लागि रणनीतिक कार्ययोजना समेत तय गरेको छ।

**ग)** **बाल विवाह अन्त्यका लागि स्थानीय सरकारका रणनीतिहरू** : राष्ट्रिय रणनीति तथा प्रदेश रणनीतिका अतिरिक्त विभिन्न स्थानीय सरकारहरूले पनि आ-आफ्नो तवरबाट बाल विवाह अन्त्यका लागि आफ्नो पालिकाको पहलमा आन्तरिक रणनीतिहरू तर्जुमा गरी लागू गरेको देखिन्छ। यसअन्तर्गत कपिलवस्तुको कपिलवस्तु नगरपालिका र विजयनगर गाउँपालिकाले बाल विवाह अन्त्यको रणनीति तर्जुमा गरी लागू गरेका छन् भने मायादेवी र शुद्धोधन गाउँपालिकाले पनि यस्तो रणनीति तर्जुमाको प्रक्रियालाई अघि बढाएका छन्। त्यसैगरी

दाङ जिल्लामा पनि विभिन्न नगर/गाउँपालिकाले यस प्रकारको रणनीतिलाई प्राथमिकतामा राखेको देखिन्छ। जसअन्तर्गत राप्ती, शान्तिनगर, दंगीशरण र गढवा गाउँपालिकाले यस प्रकारको रणनीति तर्जुमा गरी लागू गर्ने निर्णय गरेका छन् भने घोराही उपमहानगरपालिकाले बालमैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्वयनमा ल्याएको छ। यी रणनीतिहरू तर्जुमाका लागि विभिन्न विकासका साझेदार तथा नागरिक संघसंस्थाहरूले समेत सहयोग र सहकार्य गर्दै आएका छन्।

## ५.३. बाल विवाहविरुद्ध संवैधानिक र कानूनी प्रत्याभूति

नेपालको संविधानको धारा ३९ मा बालबालिकासम्बन्धी मौलिक हकको व्यवस्था गरिएको छ। धारा ३९ को उपधारा (५) मा कुनै पनि बालबालिकालाई बाल विवाह गर्न नपाइने विषय उल्लेख छ। मुलुकी अपराध संहिता २०७४ को दफा १७३ को देहाय (१) मा विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन भन्ने उल्लेख छ। त्यसैगरी सोही दफाको देहाय (२) मा त्यसरी भएको बाल विवाह स्वतः बदर हुने व्यवस्था छ भने दफा १७३ को देहाय (३) मा बाल विवाह गर्ने व्यक्तिलाई **३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने प्रावधान** छ।

यसका अतिरिक्त बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २ को देहाय (ञ) मा बालबालिकाको परिभाषा गरिएको छ। जसमा 'बालबालिका' भन्नाले १८ वर्ष उमेर पूरा नभएको व्यक्ति भनिएको छ। त्यसैगरी दफा २ को देहाय (ट) मा बालबालिकाविरुद्धको हिंसाको परिभाषा गरिएको छ। त्यसअन्तर्गत ऐनको दफा ६६ को उपदफा (२) बमोजिमको कार्यलाई बालबालिकाविरुद्धको हिंसा भनिएको छ र दफा ६२ को उपदफा (२) को देहाय (ण) मा बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्यलाई बालबालिकाविरुद्धको हिंसा मानिन्छ। त्यसैगरी सोही दफा ६२ को उपदफा (२) को देहाय (ज) मा बाल यौनशोषण गर्ने वा गराउने कार्यलाई पनि बालबालिकाविरुद्धको हिंसा भनिएको छ। यसका अतिरिक्त परिच्छेद २ मा बालबालिकाका विभिन्न १३ प्रकारका अधिकारको व्यवस्था गरिएको छ। साथै ऐनको दफा

६१ मा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न तथा बाल संरक्षण कार्यसमेत गर्नका लागि स्थानीय तहमा एकजना बाल कल्याण अधिकारी रहने व्यवस्था ऐनले गरेको छ। साथै निजले बालबालिकाको सर्वोत्तम हितका लागि कार्य गर्नुपर्ने व्यवस्था बालबालिकासम्बन्धी कानूनले गरेको छ।

## ६. बाल विवाह अन्त्यसम्बन्धी कानून कार्यान्वयनका चुनौतीहरू

बाल विवाह कानूनी रूपमा स्वतः बदर हुने व्यवस्था गरिएको भएतापनि अभिभावकहरूले उमेर नपुगी विवाह गरिदिने प्रचलन र बालबालिका स्वयम्‌को निर्णय र संलग्नतामा विवाह भएका कारण बाल विवाह हुने दरमा खासै कमी आएको पाइँदैन। बाल विवाहविरुद्धको कानून २०७४ मा आई हाल लागूभइरहेको भए तापनि कानूनको अनभिज्ञता तथा दाइजो प्रथाको विद्यमान, बाल विवाह गर्दा उत्पन्न हुने कानूनी दायित्वका बारेमा जानकारीको अभाव र बाल विवाहलाई समाजमा नै गुपचुप राख्ने प्रचलन र उजुरी गर्ने संस्कारको अभावका कारण बाल विवाह अन्त्य तथा यससम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनमा चुनौती देखिइरहेको छ।

## ७. बाल विवाह अन्त्यको लागि सरोकारवाला निकाय तथा पक्षहरूको भूमिका

बाल विवाह अन्त्यका लागि सरकारको एक्लो प्रयासले मात्र सम्भव देखिँदैन। यसका लागि राज्यका हरेक नागरिक, नागरिक समाज, समुदाय र कानूनले भूमिका निर्दिष्ट गरेका निकायको भूमिका महत्वपूर्ण हुन्छ। यसमध्ये केही महत्वपूर्ण निकायको भूमिकालाई निम्नबमोजिम प्रस्तुत गरिएको छ।

### ७.१. संघीय सरकारको भूमिका

संघीय सरकारले बाल विवाहविरुद्धको राष्ट्रिय रणनीति, २०७२ कार्यान्वयनमा ल्याएको छ। सन् २०३० सम्म नेपालमा बाल विवाह अन्त्य गर्ने लक्ष्यसमेत लिएको छ। उक्त रणनीति कार्यान्वयनका लागि पर्याप्त मात्रामा कार्यक्रम तथा बजेटको विनियोजन गरी तीनै तहको सरकारसँग प्रभावकारी समन्वय गर्दै नियमित रूपमा अनुगमन

गर्ने कार्यमा संघीय सरकारको भूमिका महत्वपूर्ण रहन्छ। यसका साथै बाल विवाहविरुद्ध विद्यमान कानूनी व्यवस्थालाई हरेक तहको शैक्षिक पाठ्यक्रममा समावेश गरिनुपर्दछ। बाल विवाह अन्त्यलगायत हानिकारक प्रथा, परम्परा अन्त्यका लागि विकासका साझेदार संस्था तथा नागरिक संघसंस्थालाई पनि यस क्षेत्रमा कार्य गर्ने उपयुक्त वातावरण तयार गर्नु पर्दछ। यसका अतिरिक्त संघीय सरकारको तर्फबाट यस क्षेत्रलाई मुख्य प्राथमिकता दिनुका साथै आवश्यक बजेटको विनियोजन गर्न पनि संघीय सरकारको भूमिका महत्वपूर्ण देखिन्छ। यसका साथै विद्यमान कानून कार्यान्वयनकारी पदाधिकारी/निकाय (सरकारी वकिल र प्रहरी) तथा न्याय सम्पादनमा भूमिका खेल्ने न्यायालयलाई समेत आवश्यक साधनस्रोतको व्यवस्था गर्नुका साथै बालकल्याण अधिकारीको नियुक्ति र निजको प्रभावकारी भूमिकाको लागि संघीय सरकारको महत्वपूर्ण भूमिका रहेको छ।

## ७.२. प्रदेश सरकारको भूमिका

सबै प्रदेशहरूमा बाल विवाह हुने स्थिति फरक-फरक रहेको पाइन्छ। सबै प्रदेशहरूले आ-आफ्नो प्रदेशको अवस्थाको तथ्यांकलाई अध्यावधिक गर्दै बाल विवाह अन्त्य गर्ने रणनीति तय गरी कार्यक्रम तथा बजेट ल्याउनुपर्ने अपरिहार्यता भएको छ। लुम्बिनी प्रदेशले बाल विवाह अन्त्यका लागि दसवर्षे रणनीति (२०७८/२०७९-२०८८/२०८९) लागू गरेको छ र सन् २०३० सम्म लुम्बिनी प्रदेशमा बाल विवाह अन्त्य गर्ने लक्ष्य लिएको छ। उक्त रणनीति कार्यान्वयनका साथै प्रदेशस्तरमा रहेका हानिकारक अभ्यासहरू जस्तै बाल विवाह हुनुका कारणहरू, त्यसबाट पर्ने असरहरू, न्यूनीकरणका उपायहरूका लागि पर्याप्त मात्रामा कार्यक्रम तथा बजेटको विनियोजन गरी कार्यान्वयनमा ल्याउनु पर्ने अपरिहार्यता देखिन्छ। त्यसका लागि प्रदेशले तीन वटै तहको सरकार, गैसस, सञ्चार माध्यमहरूसँग समन्वय गरी प्रभावकारी कार्यान्वयन गर्दै नियमित रूपमा अनुगमन हुनु आवश्यक देखिन्छ। यसका साथै सबै स्थानीय तहसँग समन्वयमार्फत प्रदेश तथा स्थानीय रणनीति कार्यान्वयनको लागि आवश्यक सहयोग, समन्वय र अनुगमन गर्ने कार्यमा प्रदेश सरकारको भूमिका अपेक्षित रहन्छ।

## ७.३. स्थानीय सरकारको भूमिका

सबै किसिमका योजना, कार्यक्रम तथा बजेट कार्यान्वयन हुने सबैभन्दा महत्वपूर्ण तह नै स्थानीय तह हो। संघीय र प्रदेश सरकारले तयार पारेको योजना, कार्यक्रम तथा बजेट पनि कार्यान्वयन गर्ने अन्तिम तह पनि स्थानीय तह नै हो। बाल विवाह हुने दर गाउँ र सहरमा, जातजाति, भाषा, धर्म, आर्थिक अवस्था, शैक्षिक अवस्थाअनुसार भिन्नता रहेको पाइन्छ। बाल विवाहको प्रतिशतलाई हेर्दा सहरी क्षेत्रभन्दा गाउँमा बढी देखिन्छ भने शिक्षित वर्गमा भन्दा शिक्षाको अभाव रहेका अभिभावक र बालबालिकामा बढी भएको पाइन्छ। त्यसैगरी विकासको अवसरबाट पछाडि परेका जातजातिहरूमा जस्तै दलित तथा अन्य सिमान्तकृत समुदायमा बाल विवाह बढी हुने गरेको विभिन्न अध्ययनले देखाएको पाइन्छ। त्यसैले स्थानीय सरकारको देहायको भूमिका महत्वपूर्ण मानिन्छ :

- हरेक स्थानीय सरकारले बाल विवाह अन्त्यको स्थानीय रणनीति तयार गरी लागू गर्नुपर्ने।
- बाल विवाह अन्त्य रणनीतिको पूर्ण र प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रम तथा पर्याप्त मात्रामा बजेट विनियोजन गर्नुपर्ने।
- स्थानीय सरकारले बाल विवाह अन्त्यका लागि कार्यक्रम र बजेट तर्जुमा गर्दा समस्यामा परेका बालबालिकाको समस्या सम्बोधन गर्न विभिन्न सहयोगमुखी कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयन गरिनुपर्ने।
- बाल विवाह अन्त्यका लागि वडा, टोल तथा समुदाय तहमा संस्थागत संरचनाहरू खडा गर्नुपर्ने।
- बाल विवाह अन्त्यका लागि तर्जुमा गरिएका संरचनाका पदाधिकारीहरूलाई आवश्यक क्षमता विकासका कार्यक्रमहरू मार्फत सशक्त गराउनुपर्ने।
- बाल विवाह अन्त्यका लागि रोकथामका कार्यक्रमहरूलाई बढी केन्द्रित गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- बाल विवाह अन्त्यका लागि तीनवटै तहका सरकार, गैससहरू, विभिन्न समूहहरूसँग समन्वय गरी यसलाई संयुक्त

अभियानकोरूपमा अघि बढाउनुपर्ने ।

- बाल विवाह अन्त्यका लागि अनुगमन र उजुरी व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउन सहयोग गर्ने ।

## ७.४ राजनीतिक दलको भूमिका

- बाल विवाहलगायत समाजमा विद्यमान रहेका हानिकारक अभ्यासहरूको अन्त्यका लागि राजनीतिक दलहरूले आफ्नो घोषणापत्रमा सोको शून्यसहनशीलताको नीति सार्वजनिक गर्नुपर्ने र सोको पालनाको प्रत्याभूतिको स्वःअनुगमन गर्नुपर्ने ।
- बाल विवाहलगायत हानिकारक अभ्यास गर्ने व्यक्तिलाई राजनीतिक दलमा भूमिका नदिने र त्यस्ता व्यक्तिलाई कुनै पनि नाममा संरक्षण तथा सुरक्षा प्रदान नगर्ने ।

## ७.५. विकास साझेदार संस्था वा नागरिक संघसंस्थाको भूमिका

- बाल विवाहलगायत समाजमा रहेका परम्परागत, रुढिवादी, हानिकारक अभ्यासहरूको पहिचान गरी सोको अन्त्यका लागि आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गरी सोको प्रभावकारी कार्यान्वयन गर्ने ।
- बाल विवाहलगायतका हानिकारक अभ्यासहरूको अन्त्य हरेक व्यक्ति, परिवार, समुदायको साझा सरोकारको विषय बनाउन नागरिक पैरवी र वकालत गर्ने ।
- बाल विवाह अन्त्यसम्बन्धी विद्यमान कानूनको कार्यान्वयनको लागि सूचना सामग्रीको प्रकाशन तथा प्रसारण र वितरणमार्फत नागरिकहरूलाई सुसूचित गर्ने ।
- बाल विवाह हुनुमा फरक-फरक कारणहरू हुन सक्छन् । त्यसका कारणहरूको पहिचान गरी त्यस्ता सवाललाई आवश्यकताका आधारमा दिगो रूपमा समाधान गर्ने ।
- बाल विवाह अन्त्यका लागि तीनवटै तहका सरकार, गैससहरू, सञ्चार माध्यम, विभिन्न समूहहरूसँग समन्वय गरी संयुक्त अभियानका रूपमा कार्यक्रमहरूको योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

- बालक, बालिका, किशोर र किशोरीहरूलाई शसक्तीकरण गर्ने।
- स्थानीय तहमा रहेका विभिन्न समूहहरू धार्मिक गुरुहरू, आमा समूह, युवा क्लब वा समूह, बाल क्लब सक्रिय रूपमा परिचालन गर्ने।
- समाजमा महत्वपूर्ण भूमिका र सकारात्मक सन्देश दिन सक्ने व्यक्तिहरूसँग (धार्मिक गुरुहरू, समाजका अगुवा तथा स्थानीय बुद्धिजीवी) सँगको सहकार्यमा यसलाई साझा मुद्दाको रूपमा उठान गर्ने।
- बाल विवाह अन्त्यसम्बन्धी रणनीति तथा कानूनको कार्यान्वयनका लागि स्थानीय सरकारसँग सहकार्य गर्ने तथा प्राविधिक सहयोग गर्ने।
- बाल विवाह भैरहेको वा हुन लागेको जानकारी पाएमा नजिकैको प्रहरी कार्यालयमा सूचित गर्ने।
- बाल विवाहलगायत हानिकारक अभ्यास गर्ने व्यक्तिलाई कुनै पनि नाममा संरक्षण तथा सुरक्षा प्रदान नगर्ने।

## ७.६. विद्यालय तथा शैक्षिक संस्थाको भूमिका

- विद्यालय तथा शैक्षिक संस्थाहरूलाई बालमैत्री विद्यालय घोषणा गर्ने।
- विद्यालयस्तरमा बाल क्लबहरू गठन गरी बालबालिकाहरूलाई बाल अधिकार र दायित्वका सम्बन्धमा सशक्तीकरण गर्ने।
- विद्यालय तथा शैक्षिक संस्थामा बालबालिकाहरू खुलेर आवाज उठाउन सक्ने वातावरण सिर्जना गर्ने।
- बाल विवाह अन्त्यसम्बन्धी विद्यमान कानूनी प्रावधानका विषयमा सबै बालबालिकालाई सुसूचित गर्ने र बाल विवाह नगर्ने प्रतिबद्धता गराउने।
- बालबालिकाहरूलाई प्रजनन स्वास्थ्य र बाल विवाहबाट उत्पन्न हुन सक्ने चुनौतीका बारेमा जानकारी गराउने।

## ७.७. बाल क्लब, युवा क्लबको भूमिका

- आफ्नो क्षेत्रमा रहेका विद्यालयस्तर वा गाउँ, टोल, बस्तीस्तरमा

रहेका बालबालिकाहरूलाई बाल क्लबहरूमा आबद्ध गर्ने ।

- बाल अधिकारसम्बन्धी विभिन्न तालिम, गोष्ठी, अभिमुखीकरण कार्यक्रमहरूमा भाग लिने ।
- बाल विवाहलगायत हानिकारक प्रथा परम्परासम्बन्धी कानूनका विषयमा जानकारी गराउन स्थानीय सरकार र नागरिक संघसंस्थासँग सहकार्य गर्ने ।
- बालबालिका स्वयम्को निर्णयमा हुने विवाहलाई शून्य सहनशीलताको नीतिमार्फत अन्त्य गराउने ।
- आफू, आफ्नो परिवार, नाता र समुदायमा हुन सक्ने बाल विवाहलाई शून्य बनाउन सधैं सक्रिय भूमिका निर्वाह गर्ने ।
- बाल विवाह पश्चात् हुने कानूनी समस्या, विवाहले बालबालिकाको प्रजनन् स्वास्थ्य र समग्र जीवनमा परेका नकारात्मक अनिवार्य रूपमा आफूले पनि सिक्ने र अरूलाई पनि सिकाउने ।
- बाल विवाह भैरहेको वा हुन लागेको जानकारी पाएमा नजिकैको प्रहरी कार्यालयमा सूचित गर्ने ।

## ७.८. अभिभावक, महिला संघसंस्था तथा सहकारी संस्थाको भूमिका

- आफ्ना बालबालिकाको बाल विवाह नगराउने तथा बाल विवाह भएका समारोहमा भाग नलिने ।
- बाल विवाहसम्बन्धी विद्यमान कानूनका बारेमा जानकारी राख्ने र अरुलाई पनि उक्त कानूनको बारेमा जानकारी गराउने ।
- बाल विवाह अन्त्यसम्बन्धी सचेतना कार्यक्रमलाई प्राथमिकतामा राख्ने ।
- बाल विवाहविरुद्ध क्रियाशील सामाजिक संघसंस्था तथा स्थानीय सरकारसँग सहकार्य गर्ने ।
- बाल विवाह भैरहेको वा हुन लागेको जानकारी पाएमा नजिकैको प्रहरी कार्यालयमा सूचित गर्ने ।

### ७.९. बालबालिकाको भूमिका

- बालबालिका स्वयंले बाल विवाह नगर्ने प्रतिबद्धता गर्ने र अरू बालबालिकालाई पनि बाल विवाह गर्न नदिने वातावरण तयार गर्ने ।
- बाल विवाह भैरहेको वा हुन लागेको जानकारी पाएमा नजिकैको प्रहरी कार्यालयमा तुरुन्त सूचित गर्ने ।

## ८. बाल विवाह भएमा कति दिनभित्र उजुरी गर्नुपर्छ ?

बाल विवाह भएमा सो थाहा पाएको मितिले **तीन महिनाभित्र उजुरी गर्नुपर्छ** । तीन महिना नाघेपछि उजुरी नलाग्ने व्यवस्था मुलुकी अपराध संहिताको दफा १७६ मा गरिएको छ ।

## ९. बाल विवाह भएमा वा बाल अधिकारको हनन् भएमा कहाँ उजुरी गर्ने ?

### बाल अधिकारको हनन् भएमा

- बालबालिकासम्बन्धी कुनै समस्या भएमा बाल हेल्पलाइन १०९८ (निःशुल्क पैसा नलाग्ने) मा खबर गर्न सकिन्छ ।
- नजिकको प्रहरी कार्यालयको १०० मा फोन गर्ने वा लिखित वा मौखिक खबर गर्ने ।
- गाउँपालिका वा नगरपालिकाको महिला, बालबालिका तथा सामाजिक विकास शाखामा खबर गर्ने ।
- बालिकासँग सम्बन्धित कुनै समस्या भएमा राष्ट्रिय महिला आयोगको ११४५ (निःशुल्क पैसा नलाग्ने) मा सम्पर्क गर्ने ।
- राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोगलगायतका निकायमा पनि उजुरी गर्न सकिन्छ ।

### बाल विवाह भएमा वा हुन लागेको थाहा भएमा

- बाल विवाह भएको विषयमा वा हुन लागेको विषयमा भने नजिकैको प्रहरी कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा उजुरी गर्नुपर्छ ।

## प्रकाशक

JuRI-Nepal

मुक्त कमलरी विकास मञ्च, दाङ, २०६७ (FKDF)-D, Freed Kamalari Development Forum (FKDF)

Society Welfare Action Nepal, SWAN, ESTD 2051

दलित सामाजिक विकास केन्द्र, DSDC, स्था. 2061, गोरुसिंगे-१, कपिलवस्तु

सिद्धार्थ सामाजिक विकास केन्द्र, SSDC 2052, बाणगंगा-४, सिद्धार्थचोक, क.व.

Indreni Rural Development Centre Nepal, Buddhabhumi, Kapilvastu

Society for Environment Education Development, 2058, SEED, Manpur-5, Dang

SEED
Tulsipur, Dang

Jagaran Media Center
जागरण मिडिया सेन्टर
Media alliance against caste based discrimination

Fair Trade Group
NEPAL

## प्रकाशन सहकार्य

घोराही उपमहानगरपालिका
दाङ

राप्ती गाउँपालिका
दाङ

गढवा गाउँपालिका
दाङ

शान्तिनगर गाउँपालिका
दाङ

दंगीशरण गाउँपालिका
दाङ

कपिलवस्तु नगरपालिका
कपिलवस्तु

विजयनगर गाउँपालिका
कपिलवस्तु

शुद्दोधन गाउँपालिका
कपिलवस्तु

मायादेवी गाउँपालिका
कपिलवस्तु

## सहयोग तथा सहकार्य

im
INDIVIDUALL MÄNNISKOHJÄLP
SWEDISH DEVELOPMENT PARTNER